# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

पत्र संख्याः २०७७/०७८(शिक्षा)　　　　　　　　　　　　गण्डकी प्रदेश नेपाल

च. नः ५०५　　　　　　　　　　　　　　　　　　　　मितिः २०७७/०९/१३

**बिषयः सामुदायिक विद्यालयहरूलाई प्रस्तावना पेश गर्ने वारेको सूचना ।**

श्री सामुदायिक माध्यमिक विद्यालय सवै ।

जैमिनी नगरपालिका, कुश्मीसेरा बागलुङ ।

प्रस्तुत बिषयमा आ.व. २०७७/०७८ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मिति २०७७/०९/२७ गते भित्रमा प्रस्तावना पत्र पेश गर्नका लागि यस नगरपालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरूलाई यो सूचना जारी गरिएको छ । म्याद नाघेपछि प्राप्त प्रस्तावना उपर आवश्यक कार्वाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**तपसिल**

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापन तथा व्यवस्थापन प्रति इकाई लागत रु ६५००००
२. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग अनुदान प्रति इकाई लागत रु ६५००००
३. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान प्रति इकाई लागत रु ६५००००
४. पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण प्रति इकाई लागत रु ७०००००
५. तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने बिद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान प्रति इकाई लागत रु ५००००
६. गणित, बिज्ञान र अंग्रेजीका लागि क्रियाकलापमा आधारित kits अनुदान प्रति इकाई लागत रु ५००००

**प्रस्तावना पत्रका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू र सर्तः**

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रस्तावना पत्र पेश गर्नु पर्नेछ ।
२. विगत वर्षहरूमा प्राप्त नभएको कार्यक्रम हुनु पर्नेछ ।
३. वि.व्य.स. गठन भएको हुनु पर्ने र वि.व्य.स. को निर्णय प्रतिलिपी अनिवार्य हुनु पर्नेछ ।
४. पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधिका लागि अलग्गै कक्षाकोठा र शौचालयका लागि विद्यालयमा तोकिए वमोजिम जग्गाको व्यवस्था हुनु पर्नेछ ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस हुनु पर्नेछ ।
६. तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने बिद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदानको हकमा बिद्यालय अनुदान निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्यांकन सूचकका आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ भने अन्यको हकमा यसैसाथ संलग्न नमूना अनुसार प्रस्तावना पत्र पेश गर्नु पर्नेछ ।

**पुनश्चः** यस प्रकारको कार्यक्रम विगत वर्षहरूमा सवै माध्यमिक विद्यालयहरूले प्राप्त गरिसकेको भएमा १-८ कक्षा संचालन भएका आधारभुत विद्यालयहरू लाई प्रस्तावना पत्रका आधारमा विद्यालय छनौट गरिनेछ ।

खेम प्रसाद आचार्य
उप सचिव

**बोधार्थ**

श्री सूचना प्रविधि अधिकृत, जैमिनी नगरपालिका - नगरपालिकाको websiteमा upload गरिदिनु हुन ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मिसेरा, बागलुङ
२०७३

खेम प्रसाद आचार्य
उप सचिव

# कार्यक्रम प्रस्ताव को नमूना

१. **बिद्यालयको विवरणः** बिद्यालयको संक्षिप्त विवरण यस अन्तर्गत अनुमति प्राप्त मिति, संचालित कक्षा, तहगत रुपमा जम्मा विद्यार्थी संख्या, शिक्षक संख्या र कक्षाकोठा संख्या, शौचालय आदि ।

**२. कार्यक्रम विवरणः**

क. कार्यक्रमको नामः

ख. कार्यक्रमको पृष्ठभुमी, आबश्यकता र औचित्य समेतः

ग. कार्यक्रमको उद्देश्यः

घ. सम्पादन गर्नुपर्ने मुख्य मुख्य कामहरुः

ङ. कार्यक्रमबाट प्राप्तहुने उपलब्धिहरुः

च. कार्यक्रम सम्पन्न गर्ने कार्ययोजनाः

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन विधि, प्रकृया | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ. प्रस्तावित बजेट

१. माग गरिएको रकमः

२. बिद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकमः

| क्र.सं. | बिवरण | इकाई | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**३. बिद्यालय व्यबस्थापन समितिको निर्णयको प्रतिलिपी**

**४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र**

<u>बिद्यालयको तर्फबाट</u>

प्रअको नामथरः

पदः

हस्ताक्षरः

मितिः

बिद्यालयको छाप

नोटः कम्प्युटर टाइप गरि ब्याण्डिङ गरिएको प्रस्तावना पत्र हुनु पर्नेछ ।